# वीरेन्द्रनगर नगरपालिका

**शैक्षिक, प्रशासनिक, पर्यटकिय शहर | स्वच्छ, समुन्नत वीरेन्द्रनगर**

## विरेन्द्रनगर नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरण (लैससास) को प्रयास र उपलव्धिहरु सम्बन्धी केहि तथ्यहरु


**(२०८२ फागुन १४ गते नगर प्रमुखज्यूको अध्यक्षतामा बसेको लैससास समितिको बैठकमा छलफल गरिएको)**

✓ चालू आ. व. २०८२/८३ को रातो किताबमा लक्षित वर्ग बमोजिमको बजेट साराँश प्रकाशन भएको

**लक्षित वर्गको लागि विनियोजित बजेट तथा खर्चको स्थिति**

| | लक्षित समूह | बजेट | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | अपाङ्गता भएको | २९ लाख | १ लाख ९१ हजार | ६% |
| २ | आदिवासी /जनजाती | ८९ लाख | ० | ०% |
| ३ | जेष्ठ नागरिक | १ करोड १८ लाख | १ लाख ४६ हजार | १% |
| ४ | दलित | १ करोड ११ लाख | ० | ०% |
| ५ | बालबालिका | १२ करोड ४ लाख | ९९ हजार | ८% |
| ६ | महिला | ८ करोड ७६ लाख | ५२ हजार | ६% |
| ७ | सीमान्तकृत | १ करोड ४२ लाख | ८ लाख ८१ हजार | ६% |
| | **लक्षित वर्गको कूल** | **२५ करोड ७१ लाख** | **१ करोड ६३ लाख** | ६% |
| | अन्य (लक्षित वर्ग भनि नतोकिएको, प्रशासनिक खर्च, पूर्वाधार आदि लगायत) | २ अर्ब २३ करोड | ३३ करोड ५८ लाख | १४% |
| | कुल जम्मा | २ अर्ब ४९ करोड | ३५ करोड २१ लाख | १४% |

२०८२ फागुन १३ सम्मको कूल खर्च १४ प्रतिशत हुँदा लक्षित वर्गका लागि तोकिएका वार्षिक क्रियाकलापहरुको कुल बजेटमा ६% खर्च भएको छ । यसमा आदिवासि/जनजाती तथा दलित तर्फ शुन्य खर्च भएको छ भने जेष्ठ नागरिक तर्फ १ % तथा अपांगता भएका, महिला र सिमान्तकृत तर्फ ६ % खर्च देखिन्छ ।





**२०८२ (2026) को**
**११६ औं अन्तराष्ट्रिय महिला दिवसको नारा –**
**सबै महिला र बालिकाको लागि अधिकार, न्याय र कार्य सहितको अवसर**
**"Rights. Justice. Action. For ALL Women and Girls"**

**स्वीकृत कार्यक्रमहरुको कार्यक्रम गत खर्च प्रगतिको लागि दोश्रो त्रैमासिक खर्च विवरण website बाट प्राप्त गर्नुहोस-**
https://birendranagarmun.gov.np/sites/birendranagarmun.gov.np/files

**क्षेत्र तथा उप-क्षेत्रहरु बमोजिमको बजेट तथा खर्चको स्थिति (रु करोडमा)**

| | क्षेत्र | बजेट | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६.२७ | ०.१६ | २.५% |
| २ | सामाजिक विकास | १२१.०९ | २३.५६ | १९% |
| ३ | पूर्वाधार विकास | ७९.७८ | ५.७६ | ७% |
| ४ | बन, वातावरण तथा विपद व्यवस्थापन | १.८२ | ०.१४ | ७% |
| ५ | संस्थागत विकास तथा सुशासन | ४.४० | ०.२५ | ६% |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३५.८२ | ५.३५ | १५% |
| | **जम्मा** | २४९.२ | ३५.२२ | १४% |




**सामाजिक विकास क्षेत्र अन्तर्गतका उप-क्षेत्रहरुको बजेट तथा खर्चको स्थिति**

| | बजेट | खर्च | खर्च (%) |
|---|---|---|---|
| **सामाजिक विकास क्षेत्र** | १२१.०९ | २३.५६ | १९% |


**सामाजिक विकास क्षेत्र अन्तर्गतको उप-क्षेत्रहरु -**

| | उप-क्षेत्र | बजेट | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | **शिक्षा** | ६२.२२ | २१.३३ | ३४% |
| २ | **स्वास्थ्य** | २०.२२ | ०.८९ | ४% |
| ३ | **खानेपानी तथा सरसफाई** | २७.१८ | ०.९३ | ३% |
| ४ | **भाषा तथा संस्कृति** | २.३४ | ०.१० | ४% |
| ५ | **लैंगिक समानता तथा सामाजिक समावेशीकरण** | ४.३५ | ०.०८ | २% |
| ६ | **युवा तथा खेलकुद** | ३.६८ | ०.०३ | १% |
| ७ | **सामाजिक सुरक्षा तथा संरक्षण** | १.११ | ०.२० | १८% |

## लैंससास उप-क्षेत्र मा बजेट विनियोजन र खर्च

रु. करोड मा

| | गत विगत ४ आर्थिक वर्षको यथार्थ खर्च | | | | आ. ब. २०८२-८३ को बजेट |
|---|---|---|---|---|---|
| | २०७८-७९ | २०७९-८० | २०८०-८१ | २०८१-८२ | |
| कुल वार्षिक खर्च | ३.९४ | २.५७ | १.५९ | २.१७ | ४.३५ |
| वा बजेटमा लैससास उप-क्षेत्रमा रहेको प्रतिशत | ३% | २% | १% | १.४% | १.७ % |




लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रमा देखिएको यो बजेटको विश्लेषणले नगरपालिकाको समग्र लैससासको स्थिति देखाउंदैन किनकि लै स सा स स्थानिय विकासका सबै क्षेत्रमा समेटिएको हुन्छ । जस्तै आर्थिक विकास क्षेत्रको कृषि उप-क्षेत्रमा दलित समुदाय तथा महिला उद्यमी कृषकहरुको आय आर्जनको लक्ष्य, वन वातावरण र विपद व्यवस्थापन क्षेत्रको विपद व्यवस्थापन उप-क्षेत्रमा महिला, बालबालिका तथा विपन्न वर्गका लागि लक्षित सहयोग आदि । लैससासको समग्र उपलव्धीलाई एकिकृत गर्नको लागि सामाजिक विकास समितिको तथ्याँकहरुमा अर्थपुर्ण छलफल तथा अनुगमन र सामाजिक विकास शाखा र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको सबै विषयगत शाखाहरु तथा वडाहरुसंगको प्रभावकारी समन्वय र तथ्याँक विश्लेषण व्यवस्थित हुन आवश्यक देखिएको छ । साथै आगामि वर्षहरुमा गरिने योजना तथा बजेट तर्जुमामा पालिकाका विद्यमान लैससास सम्बन्धी नितिहरु तथा लैससास विस्तृत कार्ययोजनालाई आधार बनायर कार्यक्रम तथा क्रियाकलापहरु तय गर्न वान्छनिय भएको छ ।

### चालू आ. व. २०८२/८३ को रातो किताबमा लैंगिक उत्तरदायि बजेट अनुसूची प्रकाशन गरिएको

**वीरेन्द्रनगर नगरपालिकाको GRB Coding लैंगिक उत्तरदायि बजेटको आकार**



## क्षेत्र तथा उप-क्षेत्रहरु बमोजिमको बजेट तथा खर्चको स्थिति

**(२०८२ फागुन १३ गतेसम्मको SuTRA को प्रतिवेदनको आधारमा) रु करोडमा**


| क्र.सं | क्षेत्र/उप क्षेत्र | बजेट विनियोजन | कूल बजेटमा % | खर्च | १३ फागुनसम्मको खर्च (%) |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६.२७ | २.५२% | ०.१६ | २.५% |
| १ | कृषि | १.१८ | ०.४७% | ०.०६ | ५% |
| २ | उद्योग | ०.५१ | ०.२०% | - | ०% |
| ३ | पर्यटन | १.३५ | ०.५४% | - | ०% |
| ४ | सहकारी | ०.०५ | ०.०२% | - | ०% |
| ५ | वित्तीय क्षेत्र | ०.१८ | ०.०७% | ०.०३ | १८% |
| क्र.सं | क्षेत्र/उप क्षेत्र | बजेट विनियोजन | कूल बजेटमा % | खर्च | १३ फागुनसम्मको खर्च (%) |
| ६ | जलश्रोत तथा सिंचाई | ०.८३ | ०.३३% | - | ०% |
| ७ | पशुपन्छी विकास | ०.९३ | ०.३७% | ०.०६ | ६% |
| ८ | भूमि व्यवस्था | १.१५ | ०.४६% | - | ०% |
| ९ | वाणिज्य | ०.१० | ०.०४% | - | ०% |
| २ | सामाजिक विकास | १२१.०९ | ४८.५९% | २३.५६ | १९% |
| १ | शिक्षा | ६२.२२ | २४.९७% | २१.३३ | ३४% |
| २ | स्वास्थ्य | २०.२२ | ८.१२% | ०.८९ | ४% |
| ३ | खानेपानी तथा सरसफाई | २७.१८ | १०.९१% | ०.९३ | ३% |
| ४ | भाषा तथा संस्कृति | २.३४ | ०.९४% | ०.१० | ४% |
| ५ | लैंससास | ४.३५ | १.७४% | ०.०८ | २% |
| ६ | युवा तथा खेलकुद | ३.६८ | १.४८% | ०.०३ | १% |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १.११ | ०.४४% | ०.२० | १८% |
| ३ | पूर्वाधार विकास | ७९.७८ | ३२.०२% | ५.७६ | ७% |
| १ | यातयात पूर्वाधार | ५७.९७ | २३.२६% | ३.४० | ६% |
| २ | भवन, आवास तथा सहरी विकास | १३.५४ | ५.४३% | ०.११ | १% |
| ३ | उर्जा | ०.६२ | ०.२५% | ०.५० | ८०% |
| ४ | संचार तथा सूचना प्रबिधि | ०.०५ | ०.०२% | - | ०% |
| ५ | सम्पदा पूर्वाधार | ६.६० | २.६५% | १.७५ | २७% |
| ६ | पुननिर्माण | १.०१ | ०.४१% | ०.०१ | १% |
| ४र५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६.२२ | २.५०% | ०.३९ | ६% |
| १ | बन | ०.३० | ०.१२% | - | ०% |
| २ | वातावरण तथा जलवायु | ०.९५ | ०.३८% | ०.०७ | ७% |
| ३ | विपद व्यवस्थापन | ०.५८ | ०.२३% | ०.०७ | ११% |
| ४ | मानब संशाधन विकास | ०.४३ | ०.१७% | - | ०% |
| ५ | शान्ति तथा सुव्यवस्था | ०.४० | ०.१६% | ०.०१ | ३% |
| ६ | कानुन तथा न्याय | ०.५० | ०.२०% | ०.०० | ०% |
| ७ | शासन प्रणाली | ०.६४ | ०.२६% | ०.२३ | ३६% |
| ८ | तथ्यांक प्रणाली | ०.१७ | ०.०७% | ०.०० | ३% |
| ९ | गरिबी निवारण | ०.०६ | ०.०२% | ०.०० | ५% |
| १० | श्रम तथा रोजगारी | ०.९० | ०.३६% | - | ०% |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | योजना तर्जुमा र कार्यन्वयन | ०.३३ | ०.१३% | - | ०% |
| १२ | अनुगमन तथा मूल्यांकन | ०.११ | ०.०५% | - | ०% |
| १३ | प्रशासकीय सुशासन | ०.८५ | ०.३४% | ०.०० | ०% |
| १४ | वित्तीय सुशासन | ०.०२ | ०.०१% | - | ०% |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | | ३५.८२ | १४.३८% | ५.३५ | १५% |
| **कुल जम्मा वार्षिक बजेट तथा १३ फागुनसम्मको खर्च** | | २४९.२ | | ३५.२२ | १४% |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | बन, वातावरण तथा विपद व्यवस्थापन | १.८२ | ०.७३% | ०.१४ | ७% |
| ५ | संस्थागत विकास तथा सुशासन | ४.४० | १.७७% | ०.२५ | ६% |

## लै स सा स मूलप्रवाहिकरणका लागि नगरपालिकाको नीतिगत प्रयाश र यसको कार्यान्वयन

- ✓नीति
- ✓रणनीति
- ✓ऐन
- ✓नियम
- ✓कार्यविधी
- ✓निर्देशिका
- ✓कार्य योजना



वीरेन्द्रनगर नगरपालिका
स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ३ मिति : २०७८/११/०७

भाग २

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८

[illegible]. पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा नै बहु-जातीय, बहु-भाषिक, बहु-धार्मिक, बहु-सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै वर्गीय, जातीय, भाषिक, धार्मिक, लैंगिक विभेद, क्षेत्रीय, र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ।

संविधानको धारा १६ मा सबै व्यक्तिहरुको सम्मान पूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १८ मा समानताको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ बाल अधिकार, धारा ४० मा दलितको हक, धारा ४१ जेष्ठनागरीकको हक, धारा ४२ अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको, धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको र धारा ५१ ([illegible]) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ मा राज्यले गर्नु पर्ने दायित्वबारे व्यवस्था गरेको छ।

त्यसै गरी राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था गरेको छ। तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका *सिमान्तकृत वर्ग तथा समूह (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग,*

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति
विस्तृत कार्यान्वयन योजना (२०८१)
अवधिः २०८१/८२ देखि २०८५/८६

विस्तृत कार्ययोजना
GESI-CIP

वीरेन्द्रनगर नगरपालिका
सुर्खेत, कर्णाली

**वीरेन्द्रनगर नगरपालिकाको लैंससास नीति २०७८ बमोजिमका नीतिहरु -**

**क) नीतिगत र कानुनी रूपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्ने**

**ख) लैं.स.सा.स. मैत्री योजना, बजेट निर्माण तथा कार्यान्वयन गरि नगरका विकास निर्माण र सेवा प्रवाहका सवाललाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने ।**

**ग) लैं.स.सा.स. प्रबर्द्धन गर्न न.पा.को संस्थागत संरचना/संयन्त्र निर्माण तथा सुदृढीकरण गरि न. पा. को संस्थागत तथा व्यक्तिगत तहमा क्षमता अभिबृद्धि गर्ने।**

**घ) दिगो विकास र आर्थिक समृद्धिकालागि महिला लगायत सिमान्तकृत समूहहरुको लागि आर्थिक सशक्तिकरणका गतिविधिहरु सञ्चालन गर्ने ।**

**ङ) विपद तथा महामारी ब्यबस्थापन गर्न कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने र सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारितामा अभिवृद्धि गर्ने ।**

**च) समाजमा विद्यमान लैंगिक, सामाजिक, संस्कृतिक आदि संग सम्वन्धित नकारात्मक मूल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याउन सहयोग गर्ने ।**

**वीरेन्द्रनगर नगरपालिकाको लैंससास नीति २०७८ को कार्यान्वयनका लागि कार्यपालिकाले स्वीकृत गरेको ५ वर्षको विस्तृत कार्ययोजना (GESI-CIP) का उदेश्यहरु –**

| | |
|---|---|
| उदेश्य १: महिला, किशोरी तथा बालबालिका- को सामाजिक-आर्थिक विकासका लागि नीतिगत र संरचनागत व्यवस्था गर्ने | यस उदेश्य अन्तर्गत - ३१ वटा कार्यक्रमहरु |
| उदेश्य २: लैङ्गिक भेदभाव, हिंसा, र शोषण अन्त्य गरी समानता र लैङ्गिक मुल्यामान्यता-मा आधारित समाज स्थापना गर्ने | ३४ वटा कार्यक्रमहरु |
| उदेश्य ३: लैङ्गिक समानता र सामाजिक समावेशीकरण उत्तरदायी शासन पद्धति अवलम्बन गर्नु | २५ वटा कार्यक्रमहरु |
| उदेश्य ४: महिला तथा लक्षित वर्गको आर्थिक सशक्तीकरण | २१ वटा कार्यक्रमहरु |
| जम्मा क्रियाकलाप संख्या | १११ वटा |

**नगरपालिकाले पाँच वटै विकास क्षेत्रहरुमा वार्षिक कार्यक्रमहरुको योजना तथा वजेट तर्जुमा गर्दा स्वीकृत GESI-CIP को आधारमा गर्ने गरेको छ ।**

## स्थानीय सरकार सञ्चालन ऐन २०७४

### परिच्छेद ३ | गाउँपालिका तथा नगरपलिकाको काम, कर्तव्य र अधिकार |

### दफा ११ - गाउँपालिका तथा नगरपलिकाको अधिकार

### त. जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति र असक्तहरुको ब्यवस्थापन

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,

(२) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

(६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

### दफा १२ – वडा समितिको काम, कर्तव्य र अधिकार


(२९) वडालाई बालमैत्री बनाउने,

(३०) वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,

(३१) विभिन्न समुदायबिच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,

(३२) बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,





वीरेन्द्रनगर नगरपालिका

स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ८ मितिः २०८१/०८/०२

भाग २

मेयरसँग महिला किसान कार्यक्रम सञ्चालन निर्देशिका, २०८१

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ


(क) यस निर्देशिकाको नाम "मेयरसँग महिला किसान कार्यक्रम सञ्चालन निर्देशिका "२०८१" रहेको छ ।

(ख) यो निर्देशिका वीरेन्द्रनगर नगरपालिकाका सबै वडाका लागी लागू हुनेछ ।

(ग) यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस निर्देशिकामा

क) "अनुदान" भन्नाले उत्पादन, प्रशोधन, मूल्य श्रृखला, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधीकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगीकरण तथा गरीबी निवारण समेतका लागि छनौट भएका



वीरेन्द्रनगर नगरपालिका

स्थानीय राजपत्र

खण्ड : ६ संख्या : १५ मितिः २०८२/०२/१९

भाग-२

लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८२

प्रस्तावना

लैङ्गिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्तो जघन्य अपराधलाई दण्डनीय बनाई प्रभावितलाई क्षतिपूर्ति दिलाउने साथै स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको अवसर दिलाई लैङ्गिक समानता कायम गर्न सहयोग पुग्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) र लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७ को नियम ३ (ख) ले दिएको अधिकार प्रयोग गरी वीरेन्द्रनगर नगरपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१


प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

१



वीरेन्द्रनगर नगरपालिका

स्थानीय राजपत्र

खण्ड : ७ संख्या : १७ मितिः २०८२/०३/०४

भाग-२

लैङ्गिक हिंसा प्रभावितका लागि सुरक्षित आवास गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावना

लैङ्गिक हिंसा प्रभावित महिला तथा आश्रित बालबालिकाको स्वास्थ्य, मनोसामाजिक तथा कानुनी सेवा प्राप्त गर्दाको समयसम्म उनीहरुलाई सुरक्षित राखी सामाजिक रुपमा पुनर्स्थापना गराउनु र पारिवारिक एवं सामाजिक पुनर्मिलन गराई स्थानीय सरकारको जिम्मेवारी पूरा गर्ने उद्देश्य साथ वीरेन्द्रनगर नगरपालिकाले स्थापना गरेको सुरक्षित आवास गृहको सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (७) बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१


प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा प्रभावितका लागि सुरक्षित आवास गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि वीरेन्द्रनगर नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

१



वीरेन्द्रनगर नगरपालिका

स्थानीय राजपत्र

खण्ड : ५ संख्या : ७ मिति : २०७९/०७/०७

भाग २

८० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरूलाई घरमा स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका, २०७९

प्रस्तावना

८० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई घरमा पहुँच पुर्याई उनीहरुको जीवनलाई सुविधायुक्त बनाउने कार्यक्रमलाई व्यवस्थित गर्न वान्छनीय भएकाले, वीरेन्द्रनगर नगरपालिका, सुर्खेत ले यो निर्देशिका बनाई जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो निर्देशिकाको नाम ८० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई घरमा स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका, २०७९ रहेको छ।

(२) यो निर्देशिका कार्यपालिका बाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "नगरपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिका लाई सम्झनुपर्छ।

(ख) "शाखा" भन्नाले भन्नाले जन स्वास्थ्य शाखालाई सम्झनुपर्छ।


(ग) "स्वास्थ्यकर्मी भन्नाले प्रचलित कानून बमोजिम मान्यता प्राप्त चिकित्सक वा स्वास्थ्यकर्मी मध्ये स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाले तोकिएका तालिम प्राप्त चिकित्सक वा स्वास्थ्यकर्मी सम्झनुपर्छ।

(घ) "सेवाग्राही" भन्नाले ८० वर्ष उमेर पुगेका व्यक्ति सम्झनुपर्छ।

(ङ) "दक्ष चिकित्सक" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्नका लागि मन्त्रालयद्वारा तोकिएको विशेष तालिम प्राप्त चिकित्सक सम्झनुपर्छ।

(च) "सरकारी स्वास्थ्य संस्था" भन्नाले प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका प्रदेश अस्पताल, नगर अस्पताल, र स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र र शहरी स्वास्थ्य केन्द्र समेतलाई सम्झनुपर्छ।


१



वीरेन्द्रनगर नगरपालिका

महिला स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७६।०१।०९



वीरेन्द्रनगर नगरपालिका

स्थानीय राजपत्र

खण्ड : ५ संख्या : ६ मिति : २०७९/०७/०७

भाग २

अति विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७९

प्रस्तावना:

वीरेन्द्रनगर नगरपालिका अन्तरगतका १ देखि १६ नं सम्मका वडाहरुमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि मुख्य चुनौतीको रुपमा विद्यमान रहेकोले विपन्न, दलित तथा आर्थिक सामाजिक रुपले समस्यामा परेका नागरिकलाई स्वास्थ्य सेवा उपभोग गर्दा आउन सक्ने आर्थिक अवरोध हटाएर गुणस्तरीय स्वास्थ्य सेवाको समतामुलक पहुच अभिवृद्धिका लागि बिपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रममा विपन्न नागरिकलाई आवद्ध गराउदै योगदान रकममा सहुलियत प्रदान गर्न, एवं नेपालको संविधान २०७२ बमोजिम नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच को हक प्राप्तीको प्रत्याभित गर्न बान्छनीय भएकोले, वीरेन्द्रनगर नगरपालिकाको प्रशासकीय यो कार्यविधि जारी गरिएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "बिपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि,२०७९" रहेको छ।

(२) यो कार्यविधि वीरेन्द्रनगर नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

१

## विगत ३ वर्षदेखि वीरेन्द्रनगर नगरपालिकाको लै. स. सा. स. परिक्षण [GESI AUDIT] गरिएको

**GESI Audit को नतिजा –**

| मूल विषयगत क्षेत्र | सूचक संख्या | पुर्णांक | प्राप्तांक | | |
|---|---|---|---|---|---|
| | | | २०७९ | २०८० | २०८१ |
| १. नीति कानून र योजना | ३ | २० | १५ | १५ | १७ |
| २. संस्थागत व्यवस्था | ५ | २० | १८.५ | १७.५ | १९ |
| ३. मानव संसाधन तथा क्षमता विकास | ४ | २० | १६ | १६ | १६.५ |
| ४. सेवा प्रवाह | ५ | २० | १४ | १४ | १५.५ |
| ५. सुशासन र उतरदायित्व | ५ | २० | १५ | १५ | १८ |
| कुल | २२ | १०० | ७४.५ | ७७.५ | ८६ |



वीरेन्द्रनगर नगरपालिका सुर्खेतको

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

आ.व.२०८१/०८२

प्रतिवेदन पेश गरिएको निकाय:

वीरेन्द्रनगर नगरपालिका

सुर्खेत, कर्णाली प्रदेश

प्रतिवेदन पेश गर्ने:

दलित महिला केन्द्र,काठमाण्डौ

CDWN

**प्रत्येक वर्ष लैससास परीक्षण संगै कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने गरिएको ।**

## आ.व. २०८०/२०८१ को लैंससास परीक्षण नजिता -

| क. स. | मुख्य तथा सहायक विषय क्षेत्रहरु | सूचकका अंकभार | उपसूचकका अंकभार | प्राप्त २०८१ को अंकभार |
|---|---|---|---|---|
| १. | नीति, कानुन, योजना | २० | | १७ |
| १.१. | नीति, कानुन, योजनामा समावेशी सहभागिता | | ८ | ७ |
| १.२. | योजना तर्जुमा तथा कार्यान्वयन | | ८ | ६.५ |
| १.३. | बजेट तर्जुमा तथा कार्यान्वयन | | ४ | ३.५ |
| २ | **संस्थागत व्यवस्था** | २० | | १९ |
| २.१ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | | ४ | ४ |
| २.२ | कार्यप्रणाली समावेशी | | ४ | ४ |
| २.३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | | ४ | ४ |
| २.४ | वित्त व्यवस्थापन प्रणालिमा समावेशिता | | ४ | ४ |
| २.५ | तथ्याङ्ग संकलन तथा व्यवस्थापन | | ४ | ३ |
| ३ | **मानव संसाधन तथा क्षमता विकास** | २० | | १६.५ |
| ३.१. | मानव संसाधन तथा क्षमता विकास | | ८ | ६.५ |
| ३.२. | अनौपचारिक मुल्य, मान्यता र कुसस्कार विरुद्ध जनचेतना | | ४ | ३.५ |
| ३.३. | कानुनी साक्षरता | | ४ | ३.५ |
| ३.४. | विपद व्यवस्थापनमा समावेशिता | | ४ | ४ |
| ४ | **सेवा प्रवाह** | २० | | १५.५ |
| ४.१. | पूर्वाधार विकास | | ४ | २.५ |
| ४.२. | प्रजनन स्वास्थ्य | | ४ | ३.५ |
| ४.३ | शिक्षा कार्यक्रम | | ४ | ३.५ |
| ४.४ | खानेपानी तथा सरसफाइ | | ४ | ३ |
| ४.५ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | | ४ | ३ |
| ५ | **सुशासन तथा उत्तरदायीत्व** | २० | | १८ |
| ५.१. | सुशासन | | ४ | ३.५ |
| ५.२. | उत्तरदायित्व र जवाफदेहिता | | ४ | ३.५ |
| ५.३ | सुचना तथा संचार | | ४ | ३.५ |
| ५.४ | अनुगमन तथा मूल्याङ्कन | | ४ | ४ |
| ५.५ | समन्वय र सम्बन्ध विस्तार | | ४ | ३.५ |
| | **जम्मा** | १०० | १०० | ८६ |



GESI audit मा सहभागिहरु

## राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिने स्थानिय तहको
## कार्य सम्पादन मूल्याँकनको नतिजा

| | | २०८१ | २०८२ |
|---|---|---|---|
| कूल अंग १०० मा प्राप्ताँक | | ५९.७३ | ५१.८५ |
| सूचक ११ | शैक्षिक सत्र २०८२ मा कक्षा १ देखि ८ सम्म ५ देखि १२ वर्ष उमेर समूहका विद्यार्थीहरूको खुद भर्ना दर। | ०.२७ | ३ ↑ |
| सूचक १२ | शैक्षिक सत्र २०८१ मा कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर। | ० | ०.८२ ↑ |
| सूचक १३ | शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अंक (GPA 1.6) वा सोभन्दा उच्च GPA प्राप्त गरेका विद्यार्थीहरूको प्रतिशत। | ०.३२ | ०.०३ ↓ |
| सूचक १४ | आर्थिक वर्ष २०८१/८२ मा चार पटक गर्भ जाँच गर्ने महिलाको अनुपात। | १.१४ | ३ ↑ |
| सूचक १५ | आर्थिक वर्ष २०८१/८२ मा संस्थागत स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात। | ३ | ३ |
| सूचक १६ | आर्थिक वर्ष २०८१/८२ मा पूर्ण खोप पाएका बालबालिकाको अनुपात। | ३ | ३ |

### विरेन्द्रनगर नगरपालिका

| सूचक नं. | | २०८१-८२ | २०८२-८३ |
|---|---|---|---|
| | | ५९.७३ | ५१.८५ |
| सूचक १ | गाउँ कार्यपालिका/नगर कार्यपालिकाले २०८२ असार १० गतेभित्र आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा/नगर सभामा पेश गरे/नगरेको। | ५ | ५ |
| सूचक २ | गाउँ कार्यपालिका/नगर कार्यपालिकाले आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभाबाट २०८२ असार मसान्तभित्र पारित गरे/नगरेको। | ५ | ५ |
| सूचक ३ | स्थानीय तहले आर्थिक वर्ष २०८१/८२ मा घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर वापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको। | ५ | ५ |
| सूचक ४ | स्थानीय तहले आ.व. २०८३/८४ को आय-व्यय प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण २०८२ पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेश गरे/नगरेको। | ५ | ० |
| सूचक ५ | स्थानीय तहले आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण २०८२ कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको। | ५ | ० |
| सूचक ६ | स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था। | १३ | १३ |
| सूचक ७ | स्थानीय तहको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था। | ० | ० |
| सूचक ८ | आर्थिक वर्ष २०८०/८१ को कुल लेखापरीक्षणबाट औंल्याइएको बेरुजुको अवस्था। | ० | ० |
| सूचक ९ | स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) को प्रयोग गरे/नगरेको। | ५ | ५ |
| सूचक १० | स्थानीय तहले आवधिक योजना तर्जुमा गरे/नगरेको। | ३ | ० |
| सूचक ११ | शैक्षिक सत्र २०८२ मा कक्षा १ देखि ८ सम्म ५ देखि १२ वर्ष उमेर समूहका विद्यार्थीहरुको खुद भर्ना दर। | ०.२७ | ३ |
| सूचक १२ | शैक्षिक सत्र २०८१ मा कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर। | ० | ०.८२ |
| सूचक १३ | शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अंक (GPA 1.6) वा सोभन्दा उच्च GPA प्राप्त गरेका विद्यार्थीहरुको प्रतिशत। | ०.३२ | ०.०३ |
| सूचक १४ | आर्थिक वर्ष २०८१/८२ मा चार पटक गर्भ जाँच गर्ने महिलाको अनुपात। | १.१४ | ३ |
| सूचक १५ | आर्थिक वर्ष २०८१/८२ मा संस्थागत स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात। | ३ | ३ |
| सूचक १६ | आर्थिक वर्ष २०८१/८२ मा पूर्ण खोप पाएका बालबालिकाको अनुपात। | ३ | ३ |
| सूचक १७ | आयोगले तयार गरेको विद्युतीय अनलाइन पोर्टलमा कार्यसम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि गरे/नगरेको। | ६ | ६ |
| | जम्मा | ५९.७३ | ५१.८५ |



### ८ नं वडा वातावरण तथा बाल मैत्री भएको घोषणा






- **बाल मैत्री हुनका लागि ५१ वटै सूचकहरु पूरा भएको**
- **सुर्खेत जिल्लाकै पहिलो र कर्णाली प्रदेशमा दोश्रो वडा**











# यस वर्षदेखि सुरु हुने स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली

**Local Governance Performance Assessment System (LGPAS) का**

**५ वटा विषय क्षेत्र र २० उप-क्षेत्रहरु अन्तर्गतको**

**१०० सूचक र २०० उप-सूचकहरुमा**

**लैससास उप-क्षेत्रको सूचकहरुको विवरण -**

| क्षेत्र (Sector) | जम्मा सूचक | जम्मा उपसूचक | अङ्कभार |
|---|---|---|---|
| १. सुशासन तथा संस्थागत विकास | ४० | ८० | ४० |
| २. सामाजिक विकास | २० | ४० | २० |
| ३. आर्थिक विकास | १५ | ३० | १५ |
| ४. पूर्वाधार विकास | १५ | ३० | १५ |
| ५. वन, वातावरण तथा विपद् | १० | २० | १० |
| **कूल योग** | १०० | २०० | १०० |

| १. सुशासन तथा संस्थागत विकास | | |
|---|---|---|
| उपक्षेत्र | सूचक संख्या | उपसूचक संख्या |
| १.१ योजना तथा बजेट व्यवस्थापन | ८ | १६ |
| १.२ पारदर्शिता र उत्तरदायित्व | ५ | १० |
| १.३ शासकीय प्रबन्ध | ९ | १८ |
| १.४ सार्वजनिक सेवा प्रवाह | ५ | १० |
| १.५ सार्वजनिक वित्त व्यवस्थापन | ११ | २२ |
| १.६ समन्वय र सहकार्य | २ | ४ |
| यस क्षेत्रको जम्मा | ४० | ८० |
| २. सामाजिक विकास | | |
| २.१. खानेपानी तथा सरसफाइ | २ | ४ |
| २.२ शिक्षा | ३ | ६ |
| २.३ आधारभूत स्वास्थ्य | ५ | १० |
| २.४. विवाद निरुपण तथा मेलमिलाप | २ | ४ |
| २.५. सामाजिक समावेशीकरण र संरक्षण | ८ | १६ |
| यस क्षेत्रको जम्मा | २० | ४० |
| ३. आर्थिक विकास | | |
| ३.१. कृषि, पशु तथा सहकारी | ८ | १६ |
| ३.२. भूमि तथा सिंचाइ | २ | ४ |
| ३.३. स्थानीय आर्थिक विकास | ५ | १० |
| ३.४. उद्यमशीता र रोजगारी | ५ | १० |
| यस क्षेत्रको जम्मा | २० | ४० |
| ४. पूर्वाधार विकास | | |
| ४.१. स्थानीय सडक | ३ | ६ |
| ४.२. भवन तथा अन्य सामाजिक पूर्वाधार | ५ | १० |
| ४.३. पूर्वाधारको उपयोगिता र दिगोपना | २ | ४ |
| यस क्षेत्रको जम्मा | १० | २० |
| ५. वन तथा वातावरण तथा विपद् व्यवस्थापन | | |
| ५.१. वातावरण संरक्षण | ७ | १४ |
| ५.२. विपद् व्यवस्थापन | ३ | ६ |
| यस क्षेत्रको जम्मा | १० | २० |
| ५ क्षेत्रको कूल जम्मा | १०० | २०० |

## लैससास उप-क्षेत्रको सूचक तथा उप-सूचकहरुको विवरण -

| सूचक | उपसूचक | पुष्ट्याइँको आधार | अंक |
|---|---|---|---|
| 2.5.1. लैङ्गिक समानता र समावेशीकरण | क.आयोजना /कार्यक्रमको लैङ्गिक उत्तरदायी बजेट कोडिङ (GRB Coding) भएको | लैङ्गिक उत्तरदायी बजेट कोडिङ देखिने वार्षिक बजेट तथा कार्यक्रमको कुनै एक पानाको छायाँप्रति | ०.६ |
| | ख. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) परीक्षण गरी प्रतिवेदन सार्वजनिक गरेको [स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (३)] | लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) परीक्षण प्रतिवेदन | ०.४ |
| 2.5.2. बाल संरक्षण | क.स्थानीय बालअधिकार समिति गठन तथा बालकल्याण अधिकारीको व्यवस्था भएको (बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० र ६१) | क.स्थानीय बालअधिकार समिति गठनको निर्णय<br>ख.बाल कल्याण अधिकारी नियुक्त गरिएको वा जिम्मेवारी तोकिएको पत्र | ०.६ |
| | ख. स्वीकृत बालसंरक्षण मापदण्ड विद्यालय, सार्वजनिक निकाय, निजी क्षेत्र र सामाजिक संस्थामा लागू भएको (बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ र ५७ ) | क.स्वीकृत बालसंरक्षण मापदण्डको प्रति<br>ख.बालसंरक्षण मापदण्ड लागू भएका विद्यालय, सार्वजनिक निकाय, निजी क्षेत्र र सामाजिक संस्थाको विवरण | ०.४ |
| 2.5.3. बाल सहभागिता | क.स्थानीय तहको योजना तर्जुमा प्रकृयामा स्थानीय बाल क्लव सञ्जालको सहभागिता भएको [स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (५)] | बस्तीस्तरको योजना तर्जुमा भेलामा बाल क्लव सञ्जालका प्रतिनिधिलाई आमन्त्रण गरीएको पत्र र उपस्थितिको प्रति | ०.६ |
| | ख. बाल पोषण भत्ताको उपयोग सम्बन्धमा अभिभावकलाई अभिमुखीकरण गरेको (सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ९) | अभिमुखीकरण कार्यक्रम र अभिमुखीकरणमा सहभागी अभिभावकको संख्यात्मक विवरणको प्रति | ०.४ |
| 2.5.4. युवा परिचालन | क.विकास व्यवस्थापन , विपद् व्यवस्थापन र सेवा प्रवाहमा आफैं वा शैक्षिक संस्था /व्यावसायिक प्रतिष्ठान /गैर सरकारी संस्थामार्फत् युवा स्वयंसेवा परिचालन गरेको | क.युवा स्वयंसेवा परिचालनको लागि संस्थासँग गरेको सम्झौताको छायाँ प्रति<br>ख.वार्षिक प्रगति प्रतिवेदनमा युवा स्वयंसेवा परिचालनको प्रगति उल्लेख भएको पानाको छायाँप्रति | ०.६ |
| | ख. युवा लक्षित सीप विकास तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको | वार्षिक प्रगति प्रतिवेदनमा युवा लक्षित सीप विकास तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रमको प्रगति उल्लेख भएको पानाको छायाँप्रति | ०.४ |
| 2.5.5. ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको संरक्षण | क.ज्येष्ठ नागरिकको जीवनयापनमा सहजीकरणको लागि लक्षित कार्यक्रम सञ्चालन गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४) | वार्षिक प्रगति प्रतिवेदनमा ज्येष्ठ नागरिकको जीवनयापनमा सहजीकरणका लागि सञ्चालित कार्यक्रमको प्रगति उल्लेख भएको पानाको छायाँ प्रति | ०.६ |
| | ख. अपाङ्गता भएका व्यक्तिको जीवनयापन सहजीकरणको लागि कार्यक्रम सञ्चालन गरेको (अपाङ्गता भएका व्याक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २९) | वार्षिक प्रगति प्रतिवेदनमा अपाङ्गता भएका व्यक्तिको जीवनयापनमा सहजीकरणका लागि सञ्चालित कार्यक्रमको प्रगति उल्लेख भएको पानाको छायाँ प्रति | ०.४ |
| 2.5.6. भाषा, संस्कृतिको संरक्षण र प्रवर्द्धन | क.स्थानीय कला, भाषा, संस्कृति, परम्परागत ज्ञान, सीप र प्रविधि तथा पुरातात्विक सम्पदाको विवरण अद्यावधिक गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११) | स्थानीय कला, भाषा, संस्कृति, पुरातात्विक सम्पदाको अद्यावधिक अभिलेखको विवरण | ०.६ |
| | ख. स्थानीय कला, भाषा, संस्कृति, पुरातात्विक सम्पदाको संरक्षण तथा प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११) | वार्षिक प्रगति प्रतिवेदनमा स्थानीय कला, भाषा, संस्कृति, पुरातात्विक सम्पदाको संरक्षण तथा प्रवर्द्धन कार्यक्रमको प्रगति उल्लेख भएको पानाको छायाँप्रति | ०.४ |
| 2.5.7. मानव अधिकार | क.मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरेको (मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना ) | क.वार्षिक प्रगति प्रतिवेदनमा मानव अधिकार प्रवर्द्धन कार्यक्रमको प्रगति उल्लेख भएको पानाको छायाँ प्रति | ०.६ |
| | ख. मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनको प्रगति आवधिक रुपमा प्रतिवेदन गरेको | मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनको सम्बन्धमा पेश गरिएको प्रगति प्रतिवेदन | ०.४ |
| 2.5.8. गैर सरकारी संस्था परिचालन | क.स्थानीय तहमा कार्यरत गैर सरकारी संस्थाको वार्षिक कार्यक्रम स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५) | क.स्थानीय तहमा क्रियाशील गैर सरकारी संस्थाहरुको विवरण<br>ख.गैर सरकारी संस्थाका कार्यक्रम खुल्ने वार्षिक बजेट तथा कार्यक्रमको पानाको छायाँप्रति | ०.६ |
| | ख. गैर सरकारी संस्थाबाट सञ्चालन भएका कार्यक्रमको नियमित अनुगमन गरी प्रगति समीक्षा हुने गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५) | क.गैर सरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको अनुगमन प्रतिवेदन<br>ख.समीक्षा प्रतिवेदनमा गैर सरकारी संस्थाका कार्यक्रमको समीक्षा खण्डको छायाँप्रति | ०.४ |

२०८२ फागुन १४ मा भएको लैससास समितिको बैठकको उपस्थिति यसप्रकार रहेको थियो –

१. श्री मोहनमाया भणडारी, नगर प्रमुख - अध्यक्ष

२. श्री निलकण्ठ खनाल, नगर उप प्रमुख - उपाध्क्ष

३. श्री टिका घले, संयोजक सामाजिक विकास समिति- सदस्य

४. श्री लक्ष्मी प्र. बास्कोटा, प्रमुख प्रशासकिय अधिकृत - सदस्य

५. श्री जनक ब. रावल, वडा अध्यक्ष, ६ नं वडा - सदस्य

६. श्री तृप्ती बि. क. , कार्यपालिका सदस्य - सदस्य

७. श्री नवराज गुरुङ, कार्यपालिका सदस्य - सदस्य

८. श्री पवित्रा शाही, निर्देशक, आवाज संस्था - सदस्य

९. श्री ममता नगाल - सदस्य

१०. श्री ऋषि गिरी, वडा अध्यक्ष, ९ नं वडा - सदस्य

११. श्री दिल ब. रखाल, वडा अध्यक्ष, १० नं वडा – सदस्य

१२. श्री सरला रेग्मी, वि. न. पा. का.

आमन्त्रित

१. श्री ज्ञानु सुवेदी, प. अ.

२. श्री प्रकाश पौडेल, वि. न. पा. का.

३. श्री वन्दना पौडेल

४. श्री सुस्मिता घर्तिमगर, प्र. स. नि.

५. श्री मीरा कुमारी शाही, नर्स OCMC प्रदेश अस्पताल

६. श्री चेतन गिरी

७. श्री माधुरी न्यौपाने, , वि. न. पा. का.

८९. श्री श्री नितु विष्ट, , वि. न. पा. का.

२०. श्री मोहन प्रसाद ढकाल, EU TA Consultant



# नेपालको संविधान २०७२



## संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको

**| भाग–३ मौलिक हक र कर्तव्य | धारा ३८ - महिलाको हक |**

(१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
(३) महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।














धन्यवाद





